नेपाल सरकार

**भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**

सिंहदरबार, काठमाडौं

पत्र संख्याः-

चलानी नं.:-

मितिः २०८३/०२/२१

## सूचना

प्रचलित कानून बमोजिम अध्ययन बिदा तथा असाधारण बिदामा रहेका केही निजामती कर्मचारीहरू बिदा अवधि समाप्त भएपछि पनि नियमानुसार सम्बन्धित कार्यालयमा हाजिर नभएको, लामो समयदेखि कार्यालयको सम्पर्कमा नरहेको तथा बिदा समाप्तिपश्चात नियमित रूपमा हाजिर भए तापनि राष्ट्रिय किताबखाना (निजामती) मा व्यक्तिगत विवरण (PIS) अद्यावधिक नभएको सम्बन्धमा जानकारी तथा गुनासा प्राप्त हुन आएको छ।

यस सम्बन्धमा अध्ययन बिदा तथा असाधारण बिदासम्बन्धी आफ्नो अभिलेख राष्ट्रिय किताबखाना (निजामती) मा अद्यावधिक नभएको भए सम्बन्धित कर्मचारीहरूले यो सूचना प्रकाशित भएको मितिले तीन (३) दिनभित्र अनिवार्य रूपमा अभिलेख अद्यावधिक गराउनु हुन यसै सूचनामार्फत जानकारी गराइन्छ।

साथै, सबै मन्त्रालय/आयोग/सचिवालय/केन्द्रीयस्तरका कार्यालयहरूले आ-आफ्नो निकायबाट विभिन्न समयमा अध्ययन बिदा तथा असाधारण बिदा स्वीकृत भएका कर्मचारीहरूको विवरण, बिदा अवधि समाप्तिपश्चात सम्बन्धित कर्मचारी हाजिर भए/नभएको तथा अन्य आवश्यक विवरण राष्ट्रिय किताबखाना (निजामती) सँग समन्वय गरी यकिन गर्न तथा सम्पूर्ण विवरण तीन (३) दिनभित्र अद्यावधिक गराउनु हुन अनुरोध गरिन्छ।

अध्ययन बिदा तथा असाधारण बिदामा गई बिदा अवधि समाप्तिपश्चात पनि सम्बन्धित कार्यालयमा हाजिर नभएका वा लामो समयदेखि कार्यालयको सम्पर्कमा नरहेका कर्मचारीहरूको हकमा प्रचलित कानून बमोजिम आवश्यक कारबाहीको प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

प्रवक्ता

**एकदेव अधिकारी**

**सहसचिव**